# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्याः १, बैशाख १२ गते, २०८२ साल


व्यास नगरपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका अटो रिक्सा सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट पारित मिति : २०८२।१।७

**प्रस्तावना** : व्यास नगरपालिका भित्र बिना दर्ता सञ्चालनमा रहेका र दर्ता हुन चाहने अटो रिक्साहरुलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले सोको समुचित व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (४) (ट) र व्यास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका क्षेत्र भित्र अटो रिक्सा व्यवस्थापन गर्नका लागि व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “व्यास नगरपालिका अटो रिक्सा सञ्चालन कार्यविधि, २०८२” रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यविधि” भन्नाले “व्यास नगरपालिका अटो रिक्सा सञ्चालन कार्यविधि, २०८२” सम्झनुपर्छ ।

(ख) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(घ) “कार्यपालिका” भन्नाले व्यास नगरकार्यपालिका सम्झनुपर्छ ।

(ङ) “प्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(च) “उपप्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।
(ज) "वडा अध्यक्ष" भन्नाले व्यास नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष सम्झनुपर्छ ।
(झ) "व्यवस्थापन समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनुपर्छ ।
(ञ) "सवारी साधन" भन्नाले विद्युत, ग्याँस, डिजल, पेट्रोलबाट चल्ने तीन पांग्रे अटो रिक्सा सम्झनुपर्छ ।

## परिच्छेद २
## समिति सम्बन्धी व्यवस्था

३. **अटो रिक्सा व्यवस्थापन समिति गठन** : (१) नगरपालिका भित्र अटो रिक्सा सञ्चालनलाई व्यवस्थित गर्दै सर्वसुलभ र दुर्घटना रहित तवरबाट सेवा सूचारु एवं सुव्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्न नगरपालिकामा देहाय अनुसारको ११ सदस्यीय अटो रिक्सा व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | उपप्रमुख | : संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | : सदस्य |
| (ग) | वडा सदस्य मध्येबाट १ जना महिला सहित ३ जना | : सदस्य |
| (घ) | जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | : सदस्य |
| (ङ) | जिल्ला प्रहरी कार्यालय अधिकृत प्रतिनिधि प्रमुख | : सदस्य |
| (च) | ट्राफिक प्रहरी कार्यालयका प्रमुख | : सदस्य |
| (छ) | अटो व्यवसायी मध्ये प्रमुखले मनोनित गरेको १ जना व्यवसायी | : सदस्य |
| (ज) | व्यास नगरपालिकाको नगर प्रहरी प्रमुख | : सदस्य |
| (झ) | राजश्व शाखा प्रमुख | : सदस्य सचिव |

(२) दफा ३ बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक संयोजकको आदेशमा सदस्य सचिवले बोलाउनेछन् ।

४. **अटो रिक्सा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : अटो रिक्सा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) नगरपालिका भित्र अटो रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन प्रदान गर्ने,
(ख) अटो रिक्साको पार्किङ स्थल तोक्ने,
(ग) अटो रिक्साको स्थान अनुसारको भाडा दर नगरपालिकाको नगर सभामा प्रस्ताव पेश गर्ने,
(घ) नगरपालिकाको आवश्यकता अनुसारको अटो रिक्साको संख्या तोक्ने,
(ङ) अटो रिक्साको व्यवस्थापन एवं यात्रुहरु बीच भएको विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने,

## परिच्छेद ३
## दर्ता, नवीकरण

५. **दर्ता, नवीकरण र खारेजी** : (१) प्रत्येक अटो रिक्सा सवारी ऐन, नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नवीकरण भै नगरपालिकामा वार्षिक रुपमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ (१) (क) बमोजिम नगरपालिकाले तोकेको वार्षिक सवारी कर तोकिएको म्याद भित्र अनिवार्य बुझाई नगरपालिकामा **अनुसूची १** बमोजिमको ढाँचामा निवेदन दिई दर्ता गर्नुपर्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सवारी चापलाई मध्यनजर गरी हाललाई ५५ (पचपन्न) वटा अटो रिक्सा दर्ता एवं सञ्चालनको अनुमति दिनेछ ।

६. **अटो रिक्सा दर्ता गर्न पेश गर्नुपर्ने कागजातहरु :**

(क) नगरपालिकाबाट तोकिएको ढाँचामा निवेदन,
(ख) प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित कागज,
(ग) सक्कल भन्सार प्रज्ञापन पत्र, भन्सार महशुल तिरेको रसीद,
(घ) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाण-पत्र,
(ङ) आयकर दर्ताको प्रमाण-पत्र/करचुक्ता भए सोको प्रमाण-पत्रको प्रतिलिपि/मूल्य अभिवृद्धि कर दर्ताको प्रतिलिपि,
(च) सवारी साधनको इन्जिन, च्यासिसको फोटो,
(छ) सवारी साधन कार्यालयमा ल्याई चेक जाँच गराउनुपर्ने,
(ज) बिमाको कागज,
(झ) सवारी कर, आयकर तिरेको रसिद,
(ञ) वित्तीय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाको दर्ता प्रमाण-पत्र, आयकर प्रमाण-पत्र, कर चुक्ता र व्यक्ति भए नागरिकताको प्रमाण-पत्र,
(ट) सवारीधनी स्वयं उपस्थित हुनुपर्नेछ ।

७. **नवीकरण :** नगरपालिकामा दर्ता भै सञ्चालनमा आएका अटो रिक्साले वार्षिक रुपमा नगरपालिकामा तोकेको कर बुझाई नवीकरण गर्नुपर्नेछ । यसरी नवीकरण गर्दा देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ :

(क) नगरपालिकाले तोकेको ढाँचाको निवेदन,
(ख) प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित कागजात,
(ग) दर्ता गर्दा वा अघिल्लो आ.व.मा नवीकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपि,
(घ) बिमाको कागजातको प्रतिलिपि,
(ङ) सवारी चालकको सवारी चालक अनुमति पत्रको प्रतिलिपि,
(च) सवारीधनी स्वयं उपस्थित हुनुपर्ने, कावु बाहिरको परिस्थिति परी उपस्थित हुन नसकेमा निजले मञ्जुरीनामा दिएको व्यक्ति उपस्थित हुनुपर्ने ।

८. **नामसारी :** नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका अटो रिक्सा कोही कसैलाई बिक्री वितरण गरेमा नगरपालिकामा आवश्यक कागजात सहित तोकिएको दस्तुर तिरी नामसारी गर्नुपर्नेछ ।

९. **रुट परमिट इजाजत-पत्र :** नगरपालिकाले माथिका दफाहरुमा भएको व्यवस्था बमोजिम अटो रिक्साको सूचीकरण गरी अनुसूची २ बमोजिमको ढाँचामा रुट परमिट इजाजत-पत्र दिइनेछ ।

## परिच्छेद ४
## रुट निर्धारण

१०. **रुट निर्धारण :** (१) नगरपालिका भित्र निम्नानुसारका स्थानका लागि तल तोकिए बमोजिमको सेक्टरमा पार्किङ्ग हुने गरी उल्लेखित संख्यामा अटो रिक्सा सेवा प्रदान गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (४) (ट) बमोजिमको रुट प्रत्येक सवारी साधनका लागि वार्षिक रुपमा नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको रुट निर्धारण शुल्क लिई अनुसूची ३ रुट निर्धारण पत्र जारी गर्नेछ । रुट निर्धारण पत्र प्रत्येक सवारी साधनले अनिवार्य रुपमा बोक्नुपर्नेछ ।

२) अनुसूची ३ बमोजिमको स्थान एवं क्लष्टरमा सवारी साधन थपघट गर्नुपरेमा दफा ३ बमोजिम गठित समितिले निर्णय गरे अनुसार हुनेछ ।

११. **सवारी चालकले पालना गर्नुपर्ने नियमहरु** : प्रत्येक सवारी चालकले निम्नानुसारको नियम अनिवार्य रुपमा पालना गर्नुपर्नेछ :

(क) सवारी चालक अनुमति पत्र,सवारी दर्ता किताब, बाटो इजाजत-पत्र साथमा लिई मात्र सवारी साधन चलाउनुपर्नेछ ।

(ख) बिमा, नवीकरण गरेको प्रमाण-पत्र साथमा लिई सवारी चलाउनुपर्नेछ ।

(ग) अटो रिक्साको यान्त्रिक अवस्था ठिक भए नभएको चेकजाँच गरेर मात्र सवारी साधन चलाउनुपर्नेछ ।

(घ) तोकिएको भन्दा बढी भार क्षमता र गतिमा सवारी साधन चलाउन पाइने छैन् ।

(ङ) सवारी साधन चलाउँदा मोवाइल फोनको प्रयोग र ठूलो आवाजमा गीत संगित बजाएर सवारी साधन चलाउन पाइने छैन् । सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी साधन चलाउनुपर्नेछ ।

(च) लेन अनुशासनको पालना गर्नुपर्नेछ ।

(छ) अटो रिक्साको अगाडिको भाग चालकको दायाँबायाँ यात्रु तथा मालसामान राख्न पाइने छैन् ।

(ज) सवारी साधनको बाहिरी भागमा यात्रु राख्न र सामान झुण्याउन पाइने छैन ।

(झ) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिँदै यात्रुमैत्री व्यवहार गर्नुपर्नेछ । साथै अशक्त, बृद्धबृद्धा तथा बालबालिकालाई विशेष ध्यान पुऱ्याउनुपर्नेछ ।

(ञ) सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ्ग गर्ने आदि कार्य गर्न पाइने छैन । होशियारीपूर्वक सवारी साधन चलाउनुपर्नेछ ।

(ट) मादक पदार्थ तथा लागूऔषध सेवन गरी सवारी साधन चलाउन पाइने छैन । साथै प्रतिबन्धित मालसामान तथा चिज वस्तु ओसारपसार गर्न समेत पाइने छैन ।

(ठ) सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु ओराल्ने र चढाउने गर्नुपर्नेछ ।

(ड) रातीको समयमा यात्रा गर्दा लाइटको सही सदुपयोग गर्नुपर्नेछ ।

(ढ) आफुखुशी सवारी साधनको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(ण) सवारी दुर्घटना, सवारी आवागमन अवरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र नगरपालिकामा जानकारी गराउनुपर्नेछ ।

(त) अटो रिक्साको अगाडी रुट नं. र स्थान देखिने गरी प्रष्ट राख्नुपर्नेछ ।

(थ) माथि उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित कानुनमा व्यवस्था भए बमोजिम सवारी चालकले पालना गर्नुपर्नेछ ।

१२. **यात्रु सुरक्षा** : यात्रुको सुरक्षाको लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु गराउनुपर्नेछ ।

(क) अटो रिक्साको दाहिने तर्फवाट यात्रु चढ्ने र झर्ने गर्न नमिल्ने बनाउनुपर्नेछ ।

(ख) स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ ।

(ग) यात्रुहरुले यात्राको समयमा जथाभावि फोहोर नफाल्ने ब्यवस्था मिलाउनुपर्दछ ।

(घ) माथि उल्लेख भएका बाहेक प्रचलित सवारी ऐन तथा कानुन बमोजिम यात्रुको सुरक्षा सम्बन्धी व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद ५
## विविध

१३. **बिमा सम्बन्धी व्यवस्था** : (१) सवारीधनी वा व्यवस्थापकलाई बिमा वापतको रसिद काटेको आधारमा मात्र नगरि अनिवार्य रुपमा सम्बन्धित बिमा कम्पनीसँग सो रकम बराबरको बिमा पोलिसी वा प्रमाण-पत्र लिनुपर्ने अन्यथा दुर्घटना वापतको क्षतिपूर्ति नपाइने व्यहोराको जानकारी दिनुपर्नेछ । कार्यालयमा बिमा पोलिसी कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धी कुनैपनि सेवाहरु प्रदान गरिने छैन ।

(२) प्रत्येक सवारीले ऐन र नियमावलीले तोके बमोजिमका दुर्घटना बिमा, मजदुर बिमा, तेस्रो पक्ष बिमा आदि बिमाहरु गरेको हुनुपर्नेछ ।

(३) बाटो इजाजत जारी वा नवीकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा बिमाको नाम र बहाल अवधि जनाउनुपर्नेछ ।

**१४. जरिवाना सम्बन्धी व्यवस्था :** (१) सवारी दर्ता अनुमति नलिई, स्वीकृत नलिई (रंग, सिटको स्वरुप, इन्जिन, च्यासिस) आवगमनमा बाधा पुऱ्याएमा १ हजारदेखि ५ हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) तपसिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले नियमानुसार जरिवाना गर्नेछ । सो रकम तत्काल बुझाउन नसक्नेलाई २४ घण्टा भित्र नगरपालिका भित्र पठाउनुपर्नेछ र नगरपालिकाले कसुर खुलाई ट्राफिक प्रहरीको सिफारिसको आधारमा पहिलो पटक रु.१,०००।, दोस्रो पटक रु.२,०००। तेस्रो पटक रु.३,०००। र त्यसपछि पटक्कै पिच्छे रु.५,०००। जरिवाना गरी सचेत गराउन सकिनेछ ।

(क) ट्राफिक संकेत वा इशारा उल्लंघन गरी चलाएमा
(ख) पाकिङ्ग निषेध गरिएको ठाउँ वा समयमा पाकिङ्ग गरेमा ।
(ग) सवारी मोड्न वा ध्वनि संकेत निषेध गरेको ठाउँमा मोडेमा वा ध्वनि संकेत गरेमा,
(घ) गलत साइडतर्फ सवारी साधन चलाएमा,
(ङ) एकतर्फी सडकमा सो विपरीत सवारी साधन चलाएमा,
(च) अवस्था ठीक नभएको सवारी साधन चलाएमा,
(छ) निर्धारित भन्दा बढी गतिमा सवारी साधन चलाएमा,
(ज) राती बत्ती नबाली सवारी साधन चलाएमा,
(झ) मादक पदार्थ सेवन गरी सवारी साधन चलाएमा,
(ञ) नम्बर प्लेट नराखी चलाएमा,
(ट) निर्धारित सिटभन्दा बढी यात्रु राखी चलाएमा,
(ठ) सार्वजनिक सवारीको चालकले यात्रु लिन इन्कार गरेमा,
(ड) निर्धारित भाडादर भन्दा बढी भाडा असुलेमा,
(ढ) लापरवाही साथ सवारी साधन चलाएमा,
(ण) बाटो इजाजत-पत्र नलिई सवारी चलाएमा,
(त) चालक अनुमति-पत्र साथमा नलिई चलाएमा,
(थ) प्रचलित कानुनमा उल्लेख भएका अन्य व्यवस्थाहरुको उल्लंघन भएमा ।

**१५. जाँचपास सम्बन्धी व्यवस्था :** यस सवारी साधनको जाँचपास सम्बन्धी व्यवस्था प्रचलित कानुनमा भए बमोजिम हुनेछ ।

**१६. भाडा दर :** १) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनको भाडादर दफा ३ (१) अनुरुप गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) भाडादर समयानुकुल परिवर्तन गर्नुपर्ने भएमा दफा ३ अनुरुप गठित समितिले परिवर्तन गर्न सक्नेछ ।

(३) तोकिएको भाडादर भन्दा वढी असुल गरेको पाइएमा माथि दफा १४ मा तोकिए बमोजिम दण्ड सजायँ तथा जरिवाना नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१७. पटके कर सम्बन्धी व्यवस्था :** नगरपालिकाले प्रदान गरेको रुट परमिट भन्दा अन्य ठाउँमा सवारी चलाउनुपर्ने भएमा समितिले निर्धारण गरे बमोजिम पटके कर तिर्नुपर्नेछ ।

**१८. सम्पर्क एकाइ गठन गर्ने :** (१) यस कार्यविधिमा भएको व्यवस्था नगरपालिकाको तर्फबाट कार्यान्वयन गर्न, अभिलेख व्यवस्थापन र समन्वय गर्न नगरपालिका अन्तर्गत एउटा इकाइ खडा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम इकाइ खडा नहुँदासम्मको लागि नगरपालिकाले कुनै कर्मचारीलाई सो कार्य गर्न जिम्मेवारी दिन सक्नेछ ।

(३) अटो रिक्सा दर्ता, नवीकरण गर्नको लागि दर्ता अधिकारीको रुपमा राजश्व शाखा प्रमुखलाई तोकिएको छ ।

(४) यस दफा बमोजिम खटिने कर्मचारीलाई कार्यालय समयभन्दा बढी कार्य गर्नुपर्दा अतिरिक्त सुविधा उपलब्ध गराइनेछ । यसको व्यवस्था नगरपालिकाको आर्थिक नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१९.** **अनुगमन** : (१) ट्राफिक प्रहरी र नगरपालिकाले उल्लेखित कार्यविधि बमोजिम अटो रिक्सा सञ्चालन भए नभएको अनुगमन गर्नुपर्नेछ ।

**२०.** **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिए जति सबै यसै बमोजिम हुने र अन्यको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

**२१.** **बचाउ** : यस अघि प्रचलित कानुन बमोजिम नगरपालिकामा दर्ता भएका अटो रिक्साहरुको प्रमाण-पत्र यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## अनुसूची १
## (दफा ५ सँग सम्बन्धित)
## अटो रिक्सा सूचीकरण गर्नको लागि निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

विषय : अटो रिक्सा सूचीकृत गरी पाँउ ।

उपरोक्त सम्बन्धमा मेरो/हाम्रो नाममा रहेको निम्नानुसारको सवारी साधन त्यस नगरपालिका क्षेत्र भित्र सञ्चालन गर्न देहायका विवरण संलग्न गरी रु. .......... को राजश्व दाखिला भौचरको प्रतिलिपि संलग्न गरी पेश गरेको छु ।

तपसिल

१. सवारी धनीको नाम :
२. सवारी साधन नम्बर :
३. इन्जिन नम्बर :
४. चेसिस नम्बर :

संलग्न कागजातहरु :

क. सवारी दर्ता प्रमाण-पत्रको प्रतिलिपि,
ख. सवारी चालक प्रमाण-पत्रको प्रतिलिपि,
ग. प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित गरिदिएको पत्र,
घ. सक्कल भन्सार प्रज्ञापन पत्र/भन्सार महशुल तिरेको रसिदको प्रतिलिपि,
ङ. फर्म वा कम्पनी भए दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि,
च. आयकर दर्ताको प्रमाण-पत्रको प्रतिलिपि/करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि/VAT दर्ता प्रमाण-पत्रको प्रतिलिपि,
छ. सवारी साधन नगरपालिकामा ल्याई चेकजाँच गराउनुपर्ने,
ज. बिमाको कागजातको प्रतिलिपि,
झ. वित्तीय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाको दर्ता प्रमाण-पत्र, आयकरको करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपि,
ञ. सवारीधनी स्वयं उपस्थित हुनुपर्ने, स्वयं उपस्थित हुन नसक्ने भएमा सवारी धनीले मञ्जुरीनामा दिएको पत्र ।

निवेदकको दस्तखत :
नाम थर :
सम्पर्क नम्बर :
मिति :

**अनुसूची २**
**(दफा ९ सँग सम्बन्धित)**
रुट परमिटको किताबको ढाँचा

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दमौली, तनहुँ

**रुट परमिट इजाजत-पत्र**

सवारी दर्ता नं. :
सवारीधनीको नाम :
ठेगाना :
सवारीधनीको हस्ताक्षर :

दर्ता गर्ने अधिकारीको हस्ताक्षर :

सवारी साधनको विस्तृत विवरण

१. कम्पनीको नाम :
२. सवारीको मोडल :
३. बनेको मिति :
४. सिलिण्डर संख्या :
५. हर्ष पावर र सि.सि. :
६. च्यासिस नम्बर :
७. इन्जिन नम्बर :
८. सवारीको रंग :
९. चालक सहित सिट क्षमता :
१०. पेट्रोल/डिजेल/विद्युत/ग्याँस :
११. रेडियो छ छैन :
१२. खरिद भै आएको मानिस वा कम्पनी :
१३. प्रयोग :
१४. चलाउने रुट :
१५. भन्सार निस्सा :

| **इजाजत-पत्र पाएको क्षेत्र (रुट)** | **बहाल अवधि** | **इजाजत-पत्र दिने अधिकारीको दस्तखत र मिति** |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**अनुसूची ३**
**(दफा १० को उपदफा १ सँग सम्बन्धित)**
**<u>रुट निर्धारण</u>**

| सि.नं. | राख्ने स्थानको नाम | सवारी साधन संख्या | क्लष्टर | रुट |
|---|---|---|---|---|
| १. | | | १ | |
| २. | | | १ | |
| ३. | | | १ | |
| ४. | | | १ | |
| ५. | | | १ | |

आज्ञाले
काशीराम गैरे
प्रमुख प्रशासकीय अधिकृत